जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.नं. ०२/०६४/०६५

विकास, विचार र समाचारको स्वतन्त्र खुराक

आवाज धादिङ

Dhading Voice Weekly

**हाम्रो सम्झना छ ?**

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि
मो. नं ९७५१०१०६९५

मिड याड नेपाल
मो.नं. ९७५१०२०९६०

वर्ष १२, अंक ११ २०६७ असार १३ गते आइतवार Webside : www.dhadingawaj.com.np 27 june, 2010 पृष्ठ संख्या ६ मूल्य रु. ५।–

## खोलामा डुवेर वालकको ज्यान गयो

**धादिङवेशी (धास) ।** विद्यालयवाट घर फर्कदै गर्दा खोलामा डुवेर धादिङको किरान्चोक गाविसको वडा नम्वर २ खानीगाउंमा एक वालकको ज्यान गएको छ ।

किरान्चोक कार्किडांडा माध्यमिक विद्यालय वैरैनीको कक्षा ४ मा अध्ययनरत १३ वर्षिय श्रीराम अधिकारी शुत्रनार दिउंसो ४ वजेतिर वेल्खु खोलामा पौडिखेल्ने क्रममा खोलामा डुवेर ज्यान गएको शिक्षक राजेश ओझाले वताउनु भयो ।

विद्यालयवाट एक्लै घर जांदै गरेका अधिकारीलाई पांच वजेतिर खोलामा डुविरहेको अवस्थामा भेटिएको पनि शिक्षक ओझाले जानकारी दिनुभयो ।वर्षायाम सुरुवाद भएपछि ग्रामीण भेगका खोलाहरुमा पुल नभएका कारण धेरै बालबालिकाहरु अध्ययन अध्यापन कार्यमा सहज उपस्थिती जनाउन सकीरहेका छैनन् ।

### साखास छिसला कार्यक्रम प्रभावकारी भएको ठहर

## सबै गाविसमा लागु गर्न सामुहिक प्रतिवद्धता

**गजुरी (धास) ।** धादिङको गजुरीमा सञ्चालन गरिएको सामुदायिक खानेपानी तथा सरसफाई छिटो र सबैका लागि (साखास छिसला) नमुना कार्यक्रम ग्रामीण क्षेत्रका समुदायहरुमा खानेपानी र सरसफाईका सेवाहरु उपलब्ध गराउन प्रभावकारी भएको छ।

साखास छिसला कार्यक्रमलाई जिल्लाका सम्पूर्ण गाविसहरुमा विस्तारका लागि आवश्यक आर्थिक श्रोत उपलब्ध गराउन नेपाल सरकारसँग माग गर्दै सम्पूर्ण राजनीतिक दलहरुले संयुक्त रुपमा हस्ताक्षर गरी घोषणा पत्र समेत जारी गरेका छन् ।
जिल्लाको सबै गाविसमा लागु गर्नको लागि सरकारसँग १० करोड रुपैंया विनियोजन गर्न माग गर्ने समेत घोषणपत्रमा उल्लेख गरिएको छ । नेपालको सामुदायिक वनमा मुलुकले गरेको प्रगति जस्तै खानेपानी र सरसफाईको क्षेत्रमा धादिङ जिल्लालाई त्यही अनुरुपको प्रगति गर्न सहयोग गर्न पनि अर्थमन्त्रीसँग संयुक्त रुपले अनुरोध गर्ने पनि घोषणपत्रमा उल्लेख गरिएको छ ।

घोषणापत्रमा एकिकृत नेकपा माओवादीका जिल्ला सहइन्चार्ज रामबहादुर भण्डारी, नेपाली कांग्रेसका प्रतिनिधि शिवराज गिरी, नेकपा एमालेका प्रतिनिधि कृष्णप्रसाद अर्याल, नेकपा एकिकृतका शिवनिधि खनाल र राष्ट्रिय जनशक्ति पार्टीका नन्दप्रसाद काप्रिले हस्ताक्षर गर्नुभएको छ ।

सहश्राव्दी विकास लक्ष्य वि.सं.२०७३ र धादिङ जिल्लाको खानेपानी र सरसफाईको अवस्थाको विषयमा सदरमुकाम धादिङवेसीमा शुक्रवार सरोकारवाला निकायहरुसँगको अन्तरक्रिया कार्यक्रमका सहभागिहरुले सामुहिक घोषणपत्र जारी गरेका हुन् ।खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल फेडवासन जिल्ला शाखा धादिङको आयोजनामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा जिल्ला विकास समिति धादिङका योजना तथा प्रशासकिय अधिकृत राजेन्द्र अर्यालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

नेपाल स्वास्थ्यका लागि पानी नेवाका रतन बुढाथोकीले गजुरीमा सञ्चालन गरिएको आयोजनाको प्रभाव, उपभोक्ताको माग तथा योजना सञ्चालनमा भएका खर्चको विषयमा जानकारी गराउनु भएको थियो । बुढाथोकीले आगामी दिनमा गर्नुपर्ने भूमिकाको विषयमा पनि आवश्यक जानकारी गराउनुभएको थियो ।

नेपाल स्वास्थ्यका लागि पानी नेवाका कार्यकारी निर्देश उमेश पाण्डे र नेवाकै विहारीकृष्ण श्रेष्ठले नेवाले गजुरी गाउँ विकास समितिको विभिन्न वडामा सञ्चालन गरेको सामुदायिक खानेपानी तथा सरसफाई छिटो र सबैका लागि (साखास-छिसला) कार्यक्रमको बारेमा जानकारी गराउनुभएको थियो ।कार्यक्रममा योजना सञ्चालन भएका क्षेत्रका स्थानीय उपभोक्ता समितिका प्रतिनिधिहरु तथा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुले योजना राम्रो भएकोले अन्य क्षेत्रमा पनि योजना सञ्चालनमा नेवाले ध्यान दिनुपर्ने बताउँदै आ-आफ्नो क्षेत्र र पार्टीको तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको थियो ।

जिल्ला स्तरीय राजनीतिक दलका प्रतिनिधिहरुले योजना कार्यान्वयनका चरणमा सहयोग गर्ने प्रतिवद्धता पनि जनाएका छन् । कार्यक्रममा विभिन्न सरोकारवाला निकाय तथा विभिन्न संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## बत्तिस दिनपछी विश्वनाथ अपहरण मुक्त

**धादिङवेशी (धास) ।** धादिङको गजुरीबाट जेष्ठ ९ गते अपहरणमा परेका ग्रामीण विकास वैंक गजुरीका प्रवन्धकव विश्वनाथ अधिकारी ३२ दिनपछी अपहरण मुक्त भएका छन् ।

गजुरीमा आफ्नै कोठाबाट राती ११ बजे अपहरणमा परेका अधिकारीलाई असार ११ गते शुक्रबार चितवनको कविलास गा.वि.स. जुगेडीबाट डेमोक्रेटीक सेक्युरीटी फोर्स नेपालले अपहरण मुक्त गरेको हो । पुलको सिडिमा मुखमा रुमाल कोची, दुबैहात र खुट्टा बाँधी सामान्य रुमालले शरीरमा डाकीएको अवस्थामा १२ बजेराती चितवनका मानवअधिकार कर्मी र परिवारले उनलाई भेटेका थिए ।

नेपाल वार एसोसिएसन चितवनका अध्यक्ष जगनाथ भण्डारी, पत्रकार एक्कल सिलवाल, अधिवक्ता निलकण्ठ अधिकारी र इन्सेक चितवनका प्रतिनिधि सहित अधिकारीका धर्मपत्नी शोभा अधिकारी सहित आफन्तहरुले उनलाई अपहरण मुक्त भएको ठाउँबाट अस्पताल लगेका थिए । डेमोक्रेटीक सेकुरीटी फोर्सका अध्यक्ष वावा बलरामद्धारा सञ्चारकर्मी



र मानव अधिकार वादीलाई सम्बोधन गरी लेखेको पत्रमा विश्वनाथ अधिकारीको मानसिक सन्तुलन विग्रदै गएका कारण अपहरण मुक्त गरेको उल्लेख गरिएको इन्सेका प्रतिनिधि मुकुन्द न्यौपानेले जानकारी दिनुभयो ।

## दुर्घटनामा पाँच जनाको मृत्यु २० घाइते

**धादिङ (धास) ।** धादिङ जिल्लाको छुट्टाछुट्टै स्थानमा भएको दुर्घटनामा पाँच जनाको मृत्यू भएको छ भने २० जना घाइते भएका छन् ।

धादिङबेसीबाट किन्ताङफेदी तर्फ जाँदै गरेको ना १ ज २२३१ नम्बरको जिप विहिवार दिउँसो १२ बजे धादिङको सांकोष गाविस वडा नं २ रातमाटे डाँडा नजिक दुर्घटना हुँदा धादिङ फुलखर्क गाविस वडा नं १ का रामकुमार अधिकारीको मृत्यू भएको छ। जिप पल्टदा ६ जना घाइते भएका छन् ।

पृथ्वी राजमार्ग अन्तरगत बिहिवार विहान ४:३० बजेतिर धादिङको थाक्रेमा १ सुगुरेखोला नजिक बाराबाट काठमाडौं आउँदै गरेको ना ४ ख ३०१४ नम्बरको ट्रक पल्टदा ट्रक चालक मकवानपुर चुरियामाई गाविस वडा नं १ निवासी आइते मोक्तानको घटनास्थलमै मृत्यू भएको हो। यसैगरि विहिवार विहान ९ बजेतिर भुमेस्थान १ कमेरे नजिक काठमाडौंबाट मनकामना तर्फ जाँदै गरेको बा २ ख ११३८ नम्बरको मिनि माइक्रो ब्रेक फेल भई सडकमा पल्टदा दुइजनाको मृत्यू भएको छ । मृत्यू हुनेमा ओखलढुंगा रुम्जाटार गाविस वडा नं १ निवासी अजय गुरुङ रहेका छन् भने एक महिलाको सनाखत हुन सकेको छैन ।त्यसैगरी शुक्रवार राति धादिङको मलेखु बजारमा बा.३७प ९७४२ नं को माटरसाइकल सडक छेउमा रोकी राखेको ना.३ ख ५९९८ नं.को ट्रकमा ठोकिदा धादिङ कुम्पुर ६ का कृष्णप्रसाद खतिवडाको मुत्यु भयो । मिनि माइक्रोबुसको ब्रेक फेल भई सडकमा पल्टदा १४ जना घाइते भएका छन् ।

## किशोरकिशोरीहरुलाई प्रजनन स्वास्थ्य शिक्षा

**चैनपुर (धास) ।** विकराल रुप लिंदै गएको एचआइभि र एड्सको विषयमा विद्यार्थीहरुलाई बेलैमा सचेत गराउने, यौन तथा प्रजनन् स्वास्थ्यका बारेमा जानकारी दिने र जीवनोपयोगी सिपको माध्यमबाट किशोरकिशोरीहरुलाई स्वाबलम्बि बनाउने उद्देश्यले चैनपुरका विभिन्न विद्यालयमा सञ्चालन भएको तालिमको शुक्रबार समापन गरिएको छ ।

युवा तथा खेलकुद मन्त्रालयको सहयोगमा आवाज अभियान नेपालले सञ्चालन गरेको तालिममा सालवास उच्च माविमा दौंतरी शिक्षा, सम्बन्धी ६३ जना विद्यार्थीहरु सहभागी गराई तालिम सञ्चालन गरिएको थियो । भने भुवनेशवरी माविमा किशोरकिशोरीहरुका लागि यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा सम्बन्धी ६५ जना विद्यार्थीको सहभागि गराई तालिम सञ्चालन गरिएको थियो । त्यसैगरी सुनखानी माविमा किशोरकिशोरीहरुका लागि जीवनोपयोगी सिप तालिम ३७ जना विद्यार्थी सहभागी गराई सञ्चालन भएको आवाज अभियान नेपालका कोषाधयक्ष नवराज छत्कुलीले बताउनु भयो । दुईदिन सञ्चालन भएको तालिममा मैदी स्वास्थ्य चौकिका सुजन श्रेष्ठ, विषय विषेषका सहजकर्ताहरु रञ्जिता पोखेल र हरिप्रसाद आचार्यले विषय वस्तु बारे जानकारी गराउनु भएको थियो ।

सालवास उच्च माविमा सञ्चालन भएको दौंतरी शिक्षा तालिम समापन समारोहमा श्रोत व्यक्ति ओमप्रसाद पाठक र प्रधानाध्यापक चन्द्रप्रसाद छत्कुलीले दुई दिनसम्म सञ्चालन भएको तालिमले विद्यालयका विद्यार्थी तथा सिंगो समुदायलाइ नै उपयोगि भएको बताउनु भयो। समुदाय स्तरमा जनचेतना अभिवृद्धि गराउने उद्देश्यले विद्यालयका विद्यार्थीहरु मार्फत यो कार्यक्रम सञ्चालन गरिएको संस्थाले जनाएको छ ।

**अब तपाईहरुको लागि**

**धादिङ आवाज साप्ताहिक प्रत्रिका**

**Webside : www.dhadingawaj.com.np** मा पनि

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक सरस्वती छापाखाना धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
कम्प्युटर सेटिङः : रीता लम्साल
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

## सम्पादकीय.........

# सहमति कार्यान्वयन गर

संविधान सभाको निर्धारित समयसिमा सकिएर म्याद थपेको पनि एक महिना बित्न लागि सक्यो। एक महिनाको बिचमा दलहरुबिच सहमति जुट्न नसक्नु र संविधान निर्माणको प्रक्रिया अघि नबढ्नु निरासा लाग्दो कुरा हो । हुनत अनौठो मान्नु पर्ने छैन, किनकी दुई वर्षसम्मा पनि जुट्न नसकेको सहमति एक महिना पनि नबित्दै कसरी जुटोस् । दलहरु संधै सरकार बचाउने सरकार हटाउने खेलमा मात्र तल्लिन भएको बेला संविधान निर्माण प्रक्रिया कसरी अघि बढोस्। त्यसैले अहिले सर्वत्र नयाँ संविधान बन्नेमा शंका उत्पन्न हुन थालेको छ।

संविधान निर्माण गर्ने कार्य रोकेर राजनीतिक दलहरु आपसी खिचातानीमा लागि रहनु इज्जतको कुरो होइन । यो प्रवृत्तिले निश्चय पनि राम्रो गर्दैन । मूलुकका तीन ठूला दलहरुको हठवादी प्रवृत्ति र संविधान सभामा प्रतिनिधि गर्ने दलहरुको सत्ता परस्त चलखेलनै संविधान नबनाउने षड्यन्त्रको रुपमा लिन सकिन्छ।

मुलुकमा दिगो शान्ती तथा संविधान निर्माणमा दलहरुले समयमा नै सहमति, सहकार्य र एकतामा नआउने हो भने हाम्रो भविष्य अन्धकार छ। यसबाट देश भयावह अवस्था तर्फ जाने खतरा बढेर गएको छ । यसले कसैलाई पनि राम्रो गर्दैन।

नेपाली नागरिकले यतिबेला सत्ता परस्त राजनीति र मुलुक डुवाउने खेल होइन अग्रगामी निकास र दिगो शान्ति चाहेका छन् । गत जेष्ठ १४ गने मध्य रातमा गरिएको तीनबुँधे सहमति कार्यान्वयन नै संकट समाधानको मुख्य बाटो हो। तर प्रमुख दलहरु सहमतिलाई आ-आफ्नै ढंगबाट व्याख्या विश्लेषण गरेर हठ लिइरहँदा मुलुक डुब्ने खतरा बढेर गएको छ । यो अवस्थामा राष्ट्रिय सहमतिको कार्यान्वयन र पालनाबाट मात्र निकास निस्कन सक्ने हुँदा सबैको ध्यान यता जानु जरुरी भएको छ।

# सिर्जनाका महामेघा तरुण विस्फोटका हतियार बन्दैनन्

## दृष्टिकोण

**.बद्रीप्रसाद दाहाल**



सत्तासीन, प्रमुखप्रतिपक्षी र भूमिगत दलहरुका युवा दस्ताहरुले मच्चाइरहेको विद्रुप अराजकतामा पुन: एकपटक ६ दसकक लोकतन्त्रको संस्थापनमा अविरल सङ्घर्षको शंङ्खघोष गर्ने नेपाली काङ्ग्रेस पनि लडाकु युवा दस्ता गठन गर्ने वा नगर्ने चरम विवाद र वहसमा तानिएको छ।

सैनिकीकरणको साम्यवादी बासी कुचिन्तनले ग्रस्त कमिनिष्टहरु र नयाँ उब्जिएका मधेसी खुल्ला एवं भूमिगत दलहरुको अनौठो सैन्य संरचनाको व्यूहले काङ्ग्रेस जस्तो नागरिक दल पनि त्यही दुर्मति पछ्याएर युवा दस्ता गठन गर्ने आवेगमा आउनु निश्चय पनि भावी नेपाललाई गृहसङ्ग्रामको उर्वर मैदान बनाउनु हो। यतिखेर नेपालका प्राय: दलहरुको नेतृत्व फौजी विचारको उग्रतामा अलमलिनु शान्ति र संविधान स्थापना एवं निर्माणलाई तिलाञ्जली दिएर असफल नेपाल बनाउने उल्टो बुद्धू व्यायाम हो । 'बन्दुकको नालबाट शक्ति निष्कन्छ' भन्ने कुरा आजको संसारमा अप्रासाङ्गिक भइसकेको तथ्य इतिहास पुष्टि गरेको कटु यथार्थ जान्दा जान्दै पनि त्यसप्रति आरक्त भएर जनतामा भय सिर्जना गर्ने तागतलाई राजनीतिक दलको उपमामा आभुषित गर्न मिल्दैन । केही सीमित युद्धपिपासु सरदारहरुको मनोवाञ्छालाई तुस्टीकरण गर्न युवाहरुको सिर्जनशील प्रतिभा र सुगठित भौतिक बलको अपव्यय गर्नु महा-अपराध र चरम आततायी दुर्विचार भन्न सकिन्छ । नीति, सिद्धान्त र विचारको धाराबाट इति हुँदै वाहुबलमा राज्य गर्ने पाषण चिन्तन आजको युगको लागि मिति गुज्रिसकेको डरलाग्दो मेडिकल रसायन हो।

सिर्जनशील युवामेघालाई ध्वंशमा रुपान्तरित गरेर आकर्षक नारामार्फत एकाधिकारी र हैकमवादी दुशासन चलाउने प्रसङ्गले संसारबाटै बिदा लिइसकेको छ । वास्तवमा युवा पुस्ता भनेको नयाँ र पुरानो पिंढीलाई विचारको धारिलो बहसले एकै ठाउँमा जोड्ने सौम्य तागत हो। त्यसैले त विख्यात लेखक फ्रान्सिस वेकनले भनेका छन् "युवाहरु विचार गर्नमा भन्दा आविष्कार गर्नमा योग्य हुन्छन्। सल्लाहभन्दा काम गर्नमा विश्वास राख्छन् , परंपरागत रुपमा चलिआएका कुरामा भन्दा नयाँ परिकल्पना गर्न योग्यता राख्छन्।" हो, निश्चयनै परिवर्तनका वाहक उर्जा ज्ञान विज्ञानको आविष्करण अनि कोरा कुराभन्दा कर्मवादी शैली पछ्याएर अभिनव अधिकल्पनामा आफूलाई दीक्षित बनाउछन् । त्यसैले त नेपाली प्रजातन्त्रिक आन्दोलनका ध्रुवतारा वीपी भन्छन् - तरुण र विद्यार्थी माथि मेरो बडो विश्वास छ, म उनीहरुबाट त्याग र तपस्याको बाटो आशा राख्छु। स्वार्थ, आत्मोन्नति र व्यक्तिगत महत्वाकाङ्क्षा मात्र पूर्ति गर्न उनीहरु लाग्न हुन्न। " जननायक बीपीले बलिदानका प्रतिमूति निस्वार्थ युवा तेज नै राष्ट्रको गौरव भएको यथार्थलाई अभिव्यञ्जित गरेका छन् । नीति शास्त्रका चिचक्षण पण्डितहरु पनि युवा जोश जाँगर र सिर्जशीलताप्रति संवोधन गर्दै यसरी बोल्छन्-"

*"अकीर्ति विनयो हन्ति, हन्त्यन्यर्थ पराक्रम:।*
*हन्ति नित्यं क्षमा क्रोध माचारो हन्त्यलक्षणम् ॥"*

अर्थात् नम्रताले अपयशलाई, पराक्रमले अनर्थलाई, सहनसीलताले क्रोधलाई, सदाचारले कुलक्षणलाई नाश गर्छ । " त्यसैले भन्न सकिन्छ युवा ल्यागत वा तागत विनयशीलता, पराक्रम, सहनसीलता र सदाचारमा आमूषित हुनुपर्छ।

आजको नेपालको सङ्गीन सङ्क्रमणकालीन परिनेशलाई गम्भीर मननगरी नेतृत्व पङ्ति जो आफूलाई शीर्ष भनेर दावी गर्छन् तिनीहरु युवा शक्तिको शिखालाई खेलबाड गरि रहेका छन्। ठान्छन्- मुठभेड, लडाँइ, झगडा, जुलुस नारा , टायर बाल्ने र तोडफोडका यी कच्चा सयन्त्र हुन्, जसको सुन्दर बललाई भऱ्याङ बनाएर सत्ताको सिंहासनमा आफू आरुढ हुने डरलाग्दो सामन्ती सरदारी चिन्तन हावी भैरहेको छ। यसरी मुठ्ठीभरका निहित स्वार्थीहरुको महत्वाकाङ्क्षाको सुरक्षा कवच बनेर दासतामा तरुणदस्ताको फूल वैलाउन चाहँदैन । यही आवाजलाई मुखर गर्ने उत्तुङ्ग नै हो लोकतन्त्र । यहाँका अधीर, अस्थीर र आवेगी नेताहरुको मनोविज्ञान यस्तो छ – "क्षणे रुष्ट: क्षणे तुष्ट: रुष्टतुष्ट क्षणेक्षणे । अव्यवस्थित चित्तस्य प्रसादोऽपि भयङ्कर: " अर्थात् एकछिनमै खुसी हुने एकछिनमै आक्रोशित बन्ने अव्यवस्थित ह्दय भएका यिनीहरुको प्रसन्नता पनि भयकारी छ। चुलबुल, चञ्चल र अधीर यी राजनीतिक खेलाडीहरु युवापङ्तिलाई गलत ढङ्गले परिचालन गरिरहेका छन्। लहड, सनक, आत्मलघुता र उच्चताभाषका मनोवेगरुपी गाडीका इन्धन बनाउन पाइन्न वैसालु पुस्तालाई । बलको राजनीति क्षणिक एवं सतही हुन्छ विचारको राजनीति नै चिरन्तन र शाश्वत भन्ने मर्मलाई बुझेर पनि बुझपचाउन पल्केका कुर्सी भक्तहरुको षड्यन्त्रको शिकार नव नेपालका निर्माता कर्णधारहरु बनाइएका छन्।

झन्नै झन्नै हालै बाह्रबिसेमा घोषणा हुन लागेको ने.का.को युवादस्ताको अवधारणा यतिखेर पटाक्षेप भएको छ । नेपाली काङ्ग्रेसका शीर्ष नेताहरुले वेलैमा बुद्धि पुऱ्याएर लडाकावाद, दस्तातन्त्र र अप्रत्यक्ष सैन्य उन्मादी वृत्तिमा आफूलाई संहालेका छन् । अनि आफ्नो सङ्घर्षशील गाथा र वीपीको लोकतान्त्रिक मूल्यवत्तालाई जोगाएका छन् । सहमति, सहकार्य, सहमेल र शान्ति पूर्ण कान्तिलाई पैरवी गरेर समाज रुपान्तरण हुन सक्छ भन्ने मान्यतालाई पुट दिएका छन्। सत्तासीन एमाओवादीको युवा संघ र प्रमुख प्रतिपक्षी एमाओवादीको वाइसिएलले मच्चाएको ताण्डवमा घिउ थप्नबाट हटेका छन्। हत्या, हिंसा, धम्की, धाक , अपहरण वलात्कार र फिरौती जस्ता जघन्य कुकृत्यले राष्ट्र घायल भइरहको वेला लोकतन्त्रको वहसमा सरिक एक राजनीतिक अभिकर्ताले राखेको संयम र धैर्यतालाई तारिफ गर्नैपर्छ । व्यक्तिगत सम्पत्ति कव्जा गरेर समाजबाटै व्यवसायवादी चिन्तन खलास बनाउने अनि प्रतिरोधी तागतलाई भौतिक कारवाहीको चरम पाशविकतामा छँटाउने युवा दल दल नभएर दुर्गन्धित नदीको क्षयकारी भल हो । वाइसिएल लगायतका अर्धसैन्य संरचना भङ्ग गर्ने कुरामा आफ्नो अडान दह्रो बनाउँदै गएको काङ्ग्रेसले आगन्तुक पुस्तालाई नीति, सिद्धान्त र विचारले दीक्षित तुल्याउने सङ्केत गरेर एउटा अग्रगामी सोचलाई उजागर गरेको छ। आफूनै आदर्शबाट च्युत भएर आदर्श थामिदैन भन्ने भनाइप्रति सकारात्मक भाव पोखिएको दृष्टान्तले लोकतन्त्रको मान्यता उजिलिएको महसूस हुन्छ। खुल्ला दलहरुमा मौलाउँदै गएको सैन्यवादी चिन्तनमाथि नेपाली काङ्ग्रेसले उदाहरणीय भएर प्रस्तुत हुनु आजको आवश्यकता हो। एतावता युवा फोर्स मुठ्ठीभरका महत्वाञ्क्षीको सत्तालिप्सा पूर्ण गर्ने नत ल टुल हो नकोर्स नै । लाठी, चुप्पी, बन्दुक, बम, बोकाएर प्रचुर संभावनाका दीप्त प्रतिभामाथि खेलबाड कुनै पनि दलले गर्न पाउनु हुन्न । लठैत, भरौटे र दास बनाउने बकबास त्यागेर साँच्चै लोकतान्त्रिक मूल प्रवाहमा प्रवाहित हुनसक्नु पर्छ संघीय लोकतान्त्रिक गणतन्त्रका अभिकर्ताहरु । युवाहरुपनि समयको पदचापलाई सम्हाल्दै सामन्ती र सरदारतन्त्रका महत्वाङ्क्षी गणको गोटी नवनी आफ्ना प्रज्ञा प्रतिभा र मेघाबाट सुसज्जित हुँदै मातृभूमिलाई ज्ञान विज्ञानले सिंगार्नपटि लाग्नुपर्छ, पलायन र परदेशमात्र ताक्ने बानीमा पनि सुधारहुनु पर्छ।

नेतृत्वकर्ताहरुले पनि महामना विवेकानन्दको भनाई याद गरुन् – यदि नेतृत्व चरिवान् छैन भने अनुयायीहरुले उपति श्रद्धाराख्नु संभव छैन । " तरुण पुस्ता करुण, वरुण र अरुण बनाउन लागौं। लोभी पापी महत्वाकाङ्क्षाको सिकार नबनाऔं । सिर्जनाका महामेघा तरुण विस्फोटनका तुच्छ हतियार बन्दैनन्। कम्व्याटमा रङ्गी विरङ्गी कात्रो बाँधेर सडकमा मार्चपासको तमासा गर्ने क्षुद्र र सङ्कीर्ण विचारको यन्त्र मानव हुन सक्दैनन् एक्काइसौं शताव्दीका ओजिला तरुणहरु।

# आत्मघाती ध्रुवीकरण प्रयास

**.प्रदिप ज्ञावली**

**राजनीति**

नेकपा (माओवादी) ले आफ्नो राष्ट्रिय कार्यकर्ता भेलाबाट नेपाली काङ्ग्रेसलाई 'मुख्य शत्रु' घोषणा गर्दै कथित राष्ट्रवादी गणतान्त्रिक मोर्चाको प्रस्ताव अगाडि सारेपछि जवाफमा काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले माओवादीलाई जङ्गल फर्काइदिने घोषणा मात्र गरेनन्, 'वृहत् लोकतान्त्रिक गठबन्धन' निर्माणको निम्ति पशुपतिसमशेर राणा र सूर्यबहादुर थापासूग सहयोगको हात समेत अघि बढाए। यस सिलसिलाले बढाएको तीक्ततासूगै सेना समायोजन विशेष समिति लगायत शान्ति प्रकृयासूग सम्बद्ध संरचनाहरू अलपत्र परेका छन्, व्यवस्थापिका-संसद समेत अवरुद्ध छ। 'कि तू छैनस् कि म छैनू' जस्तो शैलीमा हिजोका आन्दोलनकारी शक्तिहरूले ध्रुवीकरणको आत्मघाती प्रयास सुरु गरेपछि उत्साहित भएका पूर्व राजावादीहरूले दुई बर्षभित्र राजतन्त्र पुनर्स्थापित हुने दावा गर्न थालेका छन्।

गणतन्त्रको सूर्योदयसूगै उज्यालो बन्न थालेका नेपाली राजनीतिको आकाशमा त्यतिबेला विग्रहका काला बादल देखा पर्न थालेका हुन्, जतिबेला माओवादीले संविधानसभा निर्वाचनलाई शान्ति प्रकृयाको अभिन्न अङ्ग र आन्दोलनका सहयात्रीहरूलाई मित्र मान्न छाडेर आफूलाई मात्र विजेता र अरुलाई 'हरुवा' भनेर सार्वजनिक मानमर्दन गर्न थाल्यो। अनपेक्षित जीतले भुइून भाूडामा भएको माओवादीको अर्घेल्याइूबाट सुरु भएको कटुता राष्ट्रपति निर्वाचनमा उत्कर्षमा पुग्यो। पराजयबाट पाठ सिकेर राष्ट्रिय सहमतिको सरकार बनाउनेतिर लाग्नेभन्दा पनि माओवादी रक्षा मन्त्रालयमा अडान लिएर सहमतिको वाधक बन्न पुग्यो। यहाूनिर काङ्ग्रेस पनि गैरजिम्मेवार देखियो- 'आफ्नो टाउको फुटेपछि मितको टाउको बेलैसरि' भने झैं गरेर। संविधानसभाको निर्वाचनको नौ महिना हुन लाग्दा र पहिलो बैठकको सात महिना बित्न लाग्दा अझै संविधान लेखनको काम आरम्भ हुन सकेको छैन। सत्र महिनाभन्दा कम समयमा आम जनताको अपनत्वसहितको संविधान निर्माण सहज छैन। न्यून समयको चापमा परेर नयाू संविधान पनि राजनीतिक नेताहरूको सहमतिको कामचलाऊ दस्ताबेज मात्र बन्न पुग्यो भने सङ्कट फेरि सुरु हुनेछ। आफूले भनेजस्तो सङ्घीयता भएन भने नेपाल एक नरहने तहसम्म धम्की दिनेदेखि लिएर सङ्घीयताको नामसम्म सुन्न नचाहने पार्टीसम्म, नवउदारवादको नाङ्गो पैरवीकर्तादेखि लिएर राज्यनियन्त्रित अर्थव्यवस्थाका पक्षधरसम्म, भूमिसुधारको विरुद्ध 'नोट अफ डिसेन्ट' लेख्नेदेखि लिएर भूमिसुधारलाई सामाजिक-आर्थिक रूपान्तरणको शर्त ठान्नेसम्म, संसदीय प्रणालीको नामसुन्न नसक्नेदेखि लिएर त्यसलाई लोकतन्त्रको पर्यायवाची ठान्नेसम्म, बन्दुकबाहेक अरु भाषा बोल्न नजान्नेदेखि लिएर शान्तिपूर्ण बाटोबारे कुनै संझौता गर्न तयार नहुने शक्तिसम्म- मतभेदको यो विशाल फलकभित्र सहमतिको संविधानको निर्माण सहज छैन। तोकिएको समयभित्र संविधान लेखिएन भने त्यसपछिको अराजकता, सङ्कट र दिशाहीनता कल्पनातीत छ। यो चुनौतीलाई चिर्न कम्तीमा पनि एमाले, माओवादी र काङ्ग्रेसबीच सहमति अनिवार्य छ।

तर विषय गांभीर्य र समयको चापप्रति माओवादी र काङ्ग्रेस संवेदनशील देखिन्नन्। ठूलो पार्टीको हैसियतले सरकारको नेतृत्व समेत गरिरहेको माओवादी यस मामलामा बढी जिम्मेवार हुनु पर्ने हो। धेरै प्रश्न, आशङ्का र असहमति हूदाहूदै पनि आम जनता र राजनीतिक पार्टीहरूले माओवादीलाई यही अपेक्षासहित यो अवसर दिएका हुन्। तर माओवादीले यो अवसरलाई विगतका आफ्ना सबै गल्तीको अनुमोदन र भोलि जे पनि गर्न पाइने लाइसेन्सको रूपमा लिएको देखियो। माओवादी नेताहरू बन्दुकको भाषा बोल्न छाडेका छैनन्, विद्रोहको धम्की दिन छाडेका छैनन् र 'जनगणतन्त्र' को असामयिक बोलि बोल्दै लोकतान्त्रिक गणतन्त्रप्रति सन्देह उत्पन्न गराउन छाडेका छैनन्। पछिल्ला दिनमा माओवादीले स्वतन्त्र न्यायपालिकामा गर्न थालेका हस्तक्षेप, हिमाल, कान्तिपुर लगायत सञ्चार माध्यममा गरेको आक्रमण, विभिन्न बहानामा औद्योगिक प्रतिष्ठानहरूमा गरिरहेका तालाबन्दी, मित्र राजनीतिक पार्टीहरूप्रति गरिरहेको विद्वेषपूर्ण व्यवहार र दण्डहीनतालाई गरिरहेको संरक्षण प्रोत्साहनले मुलुकमा गंभीर समस्या र आशङ्का पैदा गरिरहेका छन्। कथित राष्ट्रवादी गणतान्त्रिक मोर्चा निर्माण गर्ने कुरा पूर्व मण्डलेलाई पार्टीमा हुल्ने र तिनीहरूको प्रवेशलाई उचित ठहऱ्याउने मेलो भन्दा बढी देखिूदैन। एकातिर राजावादी घुसेर पार्टीलाई बद्नाम बनाए भन्ने गुनासो गर्ने र अर्कोतिर 'राष्ट्रवादी मोर्चा' निर्माण गर्ने कुरा छली कुरा मात्रै हो। माओवादीको गैरजिम्मेवार व्यवहारले लोकतान्त्रिक गणतन्त्रप्रति नै नकारात्मक धारणा बढाइरहेको छ र उसको अराजकताले दक्षिणपन्थी शक्तिहरूलाई चलखेल गर्ने अवसर पैदा गरिरहेको छ। तर यसबीचको काङ्ग्रेसको व्यवहार पनि सही छैन। शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउने अभिभारा अन्य शक्तिसूगै काङ्ग्रेसको पनि हो। आफू नेतृत्वमा नभएको 'झोंक' मा शान्ति प्रकृया भर्सेलामा परे परोस् भन्ने जस्ता उसका सोच र अभिव्यक्ति कुनै पनि अर्थमा उचित ठहरिन सक्दैनन्। माओवादीका गलत व्यवहारको आलोचना र विरोध हुनु जरुरी छ र लोकतान्त्रिक रूपान्तरणको लागि उसमाथि निरन्तर दबाब पनि आवश्यक छ। तर यसको लागि राप्रपा, राजपा जस्ता शक्तिसूग गठबन्धन निर्माण गर्न खोज्नु आत्मघात सरह हुनेछ। काङ्ग्रेसले आफ्नो विरोध लोकतान्त्रिक मूल्यको रक्षाको लागि हो, यो सरकारबाट बाहिरिनुको कुण्ठा होइन या बैकल्पिक सरकार निर्माणको कसरत होइन भनेर विश्वास दिलाउन सकिरहेको छैन।

माओवादी अतिवादले काङ्ग्रेसलाई अझ बढी दक्षिणपन्थतिर धकेल्न सघाइरहेको र काङ्ग्रेसको यथास्थितिवादले माओवादीलाई अझ बढी अराजक बन्न सघाइरहेको वर्तमान सन्दर्भमा एमालेको प्रभावकारी हस्तक्षेपको खाूचो अझ बढेको छ। संयोगवश एमाले निर्णायक ठाउूमा छ र उसको भूमिकाले मुलुकको राजनीतिक तराजुलाई इच्छाएको दिशातिर ढल्काउने सामर्थ्य राख्छ। अतिवादतिर सोझिएको माओवादी गाडीलाई लोकतान्त्रिक लिकमा ल्याउन र यथास्थितिमा अल्झिएर 'स्टार्ट बन्द' भएको काङ्ग्रेसको मोटरलाई अग्रगति दिन एमालेको भूमिका महत्वपूर्ण हुनेछ। मुलुकले आम राजनीतिक सहमति खोजिरहेका वर्तमान घडीमा ऊ माओवादी अराजकताको सहयोगी या काङ्ग्रेसी यथास्थितिवादको मद्दतगार त बन्न सक्दैन नै, तर उसले ती प्रवृत्तिको आलोचना गरेर मात्र पुग्दैन, उनीहरूका गलत कृयाकलापप्रति निष्पृह रहेर मात्र पुग्दैन।सहमति निर्माणको निम्ति बालुवाटार र सानेपा समाचार आदान-प्रदान मात्रै गरेर पनि पुग्दैन। उसले हस्तक्षेपकारी भूमिका खेल्नु पर्छ, सहमति, शान्ति, लोकतन्त्र र अग्रगफमनको एजेण्डामा उनीहरूलाई ल्याउन सक्नुपर्छ र राष्ट्रिय राजनीतिलाई नेतृत्व दिनु पर्छ। ध्रुवीकरणको आत्मघाती चेष्ठालाई विफल तुल्याउूदै राष्ट्रिय राजनीतिलाई सहमतिको दिशामा अगुवाइ गर्न सक्ने या नसक्ने कुरामै एमालेको आगामी भूमिका निर्धारित हुनेछ।

*(लेखक नेकपा ऐमालेका केन्द्रिय प्रचार विभाग प्रमुख हुनुहुन्छ। दृष्टी साप्ताहिकबाट)*

## पाठ्यपुस्तक संगै अतिरिक्त क्रियाकलाप

बैरेनी (धास)। विद्यार्थीहरुको शैक्षिक विकासको लागि पाठ्यपसूतक संगै अतिरिक्त क्रियाकलापमा सक्रिय बनाउने उद्देश्यले प्राथमिक विद्यालय स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न गरिएको छ।

बैरेनी श्रोतकेन्द्रको आयोजनामा किराञ्चोक कार्कीडाडा मावि बैरेनीमा चित्रकला प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितामा बालज्योति प्रावि कोईली खर्कका आइतराज तामाङ प्रथम, राजु रम्तेल द्वितीय, किराञ्चोक कार्कीडाडा माविका नारायण अधिकारी तृतीय र जलकन्या प्रावि पाल्चोकका राजकुमार तामाङ सान्त्वना हुनुभएको थियो। प्रतियोगितामा ७ वटा विद्यालयको सहभागिता रहेको थियो।

यसैगरि बैरेनी श्रोतकेन्द्रकै आयोजनामा रिठ्डुकादेवि प्रावि किराञ्चोकमा पनि चित्रकला प्रतियोगिता सम्पन्न भएको छ।

## साङकोषमा केवुल लाईन पुग्यो

**बाबुराम श्रेष्ठ साङ्कोष।** धादिङ जिल्ला साङकोस गाविस वडा नं ३ बतासे डाँडामा केवुल लाईन पुगेको छ। २०६७ असार ५ गते वाट त्यस ठाँउमा केवुल लाईन पुगेको हो।

विगत १० वर्ष देखि विजुली बत्ती पुगेको भएपनि केवुल लाईन भने पुग्न सकेको थिएन। साङकोस गाविसका वासिन्दाहरुले प्रत्येक घरबाट प्रति व्यक्ति तिन हजार का दरले रकम संकलन गरी केवुल लाईन लगेको सोही गाँउका स्थानिय वासिन्दा विन्दा कुमारी श्रेष्ठले बताउनु भयो।

केवल लाईनको विस्तार पछि स्थानिय वासिन्दनहरुले स्वदेशी तथा विदेशी च्यानलहरु हेर्न पाएका छन्। नेपाल टेलिभिजन मात्र हेर्न सकिने ठाउँमा अब आएर सवै टेलिभिजनहरु हेर्न पाउने भएपछि स्थानिय वासिमा खुशि छाएको छ।

विश्वकप फुटवल हेर्ने चाहना धेरै अघि देखि सांङकोस वासिमा भएपनि यसपाली देखि उनिहरुको चाहना पुरा भएको छ।

## प्रेस युनियनमा मुरारी

**धादिङवेसी (धास)।** नेपाल प्रेस युनियन धादिङको अध्यक्षमा मुरारी अधिकारी निर्वाचिथत हुनुभएको छ। आइतवार धादिङवेशीमा सम्पन्न युनियनको पाँचौं जिल्ला अधिवेशनले अधिकारीको अध्यक्षतामा ११ सदस्यिय जिल्ला कार्य समितिको सर्वसम्मतबाटवप चयन गरीएको हो। अधिवेशनले कार्य समितिको उपाध्यक्षमा सीता, अधिकारी सचिवमा पोषनाथ अधिकारी, सहसचिवमा मुना सिम्खडा र कोषाध्यक्षमा रामकुमार नेपालीलाई चयन गरेको छ।

यसै गरी विकास श्रेष्ठ, कृष्ण शिशिर, डोल्मा मम्बा, मनिष दुवाडी, गोमा थापा, र रन्जिता डल्लाकोटी सदस्यमा चयन हुनुभएको छ।

## बालक्लव पुनर्गठन

**जीवनपुर (धास)।** जीवनपुर गाउँ विकास समिति वडा नम्बर २ मा रहेको जीवनपुर निमाविमा गठन भएको बालक्लवको पुनर्गठन गरिएको छ। पुनर्गठित क्लवको अध्यक्षमा रामचन्द्र ठकुरी, उपाध्यक्षमा सविन रेग्मी, सचिवमा पूजा रेग्मी, सहसचिवमा पसजनराज रेग्मी र कोषाध्यक्षमा जानुका थापा रहनु भएको छ।

बालक्ल पनर्गठनका लागि भएको विद्यार्थीहरुको भेलामा विद्यालयका प्रधानाध्यापक इन्द्रकुमार रेग्मीको आतिथ्य रहेको थियो।

मानवले मानवलाई शोषण गर्ने, अन्याय गर्ने कार्य निन्दनीय कार्य भएको हुँदा नागरिक अधिकारप्रति सजक र सचेत बनौं र बनाऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# प्रभावकारी शिक्षा

✍ ... प्रकाश पौडेल



शिक्षा

सिकाइ जीवन हो र जीवन नै सिकाइ हो । विश्व दुनियाको नजिकबाट अध्यान गर्नु र व्यवहारमा सवलीमूत तबरले र सकारात्मक तवरले परिवर्तन ल्याउनु शिक्षा प्राप्त गर्नु तथा शिक्षा प्रधान गर्नुको मूलभूत उद्देश्य मानिन्छ । बदलिदो समय र विश्व परिवशमा आफुलाई सान्दर्भिक तवरले उम्याउन व्यवहारिक तथा गुणात्मक शिक्षाको आवस्यकता पर्दछ । सार्थक , उपलव्धिमुलक तथा फलप्रद जीवनयापनका निम्ति यसले वातावरण सहज वनाउछ ।

सिकाइले सिकारुमा नयाँ विषयवस्तु तथा सन्देश दिनुका अलावा उसका नराम्रा तथा कमजोर पक्षको पहिचान गरी मनोवैज्ञानिक तवरले घटाउने तथा हटाउने गर्दछ । जसले स्वभाविक तवरले राम्रा तथा सवल पक्षको संवर्द्धन तथा प्रवर्द्धन गर्दछ । गहन तवरले अध्यायन तथा विश्लेषण गर्ने हो भने ,अरुलाइ शिक्षित गर्ने पेशा शिक्षण तथा यसमा संलग्न शिक्षकको जिम्मेवारीको महत्व निकै भएको पाइन्छ ।तर अन्य क्षेत्रमा प्रतिस्पर्धा गर्न असक्षम व्यक्तिहरुको शिक्षणका प्रवेष हुनाले यसको ओजमा कमी आएको प्रस्ट पाउन सकिन्छ । त्यसै गरी राजनैतिक प्रभावका आधारमा पनि शिक्षकको नियुक्ती शिक्षणका विषयवस्तुमा अन्तर तथा हेर्ने दृष्टिकोणमा एकनास नभेटिए शिक्षा जगत अन्योलग्रस्त नै छ ।

यी र यस्ता तमाम अन्योलका वीचमा पनि सभ्यता ल्याउदै उपलव्धि प्राप्तितर्फ लाग्नु पर्ने भएकाले शिक्षकको भूमिका र महत्वलाई नजर अन्दाज गर्न तथा अवमूल्यन गर्न सकिदैन । सवै पेशामा संलग्न पेशाकर्मिमा हुनुपर्ने गुणहरु एक शिक्षकमा हुनु पर्दछ , वास्तवमा त्यो शिक्षक विकास निम्ति ,परिवर्तनका निम्ति सदैव लागेको पाईन्छ र सम्भव तुल्याउछ पनि । यस्तो जिम्मेवारी निर्वाह गर्नुपर्ने शिक्षकलाई राष्टिय तथा समूदायको तर्फवाट उपलव्ध गराउन आवश्यक सेवा सुविधामा कुनैपनि कसर वाँकी राख्नु हुदैन । यसको साथसाथै समुदायमा शिक्षाकै माध्यमबाट जीवनस्तर उकास्नुपर्ने भएकोले समूदायको क्षमता अभिवृद्धि गरी यसमा लाग्न आवश्यक प्रकृया अगाडी बढाउनु पर्दछ । शिक्षालाई विशेषत: संख्यात्मक तवरले मात्र हेर्ने अनि अपुर्ण व्याख्या र विश्लेषणको आधारमा अवैज्ञानिक शिक्षा पद्धतिको तय गर्नु पनि शिक्षाको विकासमा एक अर्कोसमस्या हो । शिक्षालाई प्रमाणपत्र तथा नतिजा भन्दा अलि भिन्न तवरले पनि बुझ्ने अनि व्याख्या गर्ने संकृतिको विकास नभएसम्म र यसमा संलग्न व्यक्तिहरुको क्षमताको जाँच उपयुक्त तबरले नगरेसम्म सुनैलो भविष्यको निर्माण तथा दक्ष,कमेशील , सीपयुक्त जनशक्ति उत्पादन गर्न सक्दैनै फलस्वरुप देश पूर्णत:अवनतितर्फ लाग्दछ ।सवैले एक पटक यसमा चनाखो तथा विवेकी भएर सोचौ र आ-आफ्नो जिम्मेवारी वहन गरौं, नयाँ नेपालको निर्माणको प्रक्रिया सजिलै सुरुवात हुन्छ । यसमै सवैको कल्याण छ ।

# सपनामा स्कुल गएको देख्दथे आज साच्चै स्कुल जान्छु ।

✍ .माया लामा

## आफ्नै यात्रा

**मे**रो नाम माया लामा हो । म अहिले १८ बर्षको भए । मेरो स्थाई घर तसर्पु दामेचौर भन्ने ठाउंमा भएपनि म सानै छंदा देखीनै नौविसे -१, धार्के मा बस्ने गर्दछु । मेरो बुबा ७० बर्षको हुनुहुन्छ । उहां मुटुको रोगी हुनुहुन्छ भने आमा ५० बर्षको हुनुहुन्छ र उहांपनि दमको विरामी हुनुहुन्छ । उहां दुवै विरामी भएको ले अस्पताल र औषधी संग निकै परिचित छु । मेरो एक बहिनी र दुई दाईहरु हुनुहुन्छ । दाईहरु ड्राइभर काम गर्नुहुन्छ । हाल हाम्रो दैनिक गुजारा दाइहरुकै आम्दानिमा यो परिवार बांचेका छौ ।

म सानै उमेर देखी पढ्न एक दम मन पराउंथे । हाम्रो आर्थिक अवस्था एकदम नाजुक थियो । बुबा आमा विरामी भएर पनि रोडाढुङामा काम गर्नुहुन्थ्यो र त्यसकैभरमा हामी बांचेका थियौ । म नजिकैको भुवनेश्वरी माध्यमिक विद्यालयमा पढ्न जाने गर्दथे र विद्यालयको अतिरिक्त समय म बुबाआमाको स्यहार सुसार गर्ने घर धन्दा गर्ने जस्ता काममा व्यस्त हुन्थे । जेनतेन म कक्षा ६ उतिर्ण गरि कक्षा ७ मा पुगे दाई हरुपनि गाडीमा हिड्ने आमा बुबा झन् धेरै विरामी बहिनीको ख्यालपनि म आफैले गनुपर्ने जस्ता कारणले कक्षा ७ को अन्तिम परिक्षा दिन पाईन । जसका कारण म आपर्ने जस्ता कारणले कक्षा ७ को अन्तिम परिक्षा दिन पाईन । जसका कारण म आफ्नो भाग्यलाई सराप दिदै विद्यालय जाने मेरा रहरहरुलाई घरको दिन चर्यामानै बिताउन बिवस भए. । तर म हरेक रात सपनीमा विद्यालय जाने गरेको अचम्मलाग्दो सपना देख्दथे र बुबा आमालाई त्यो सपना सुनाउंदा बुबा आमा आंखाभरि आशुपार्नुहुन्थ्यो ।

आज भन्दा २ बर्ष अगाडी मेरो जिवनमा अर्कै मोड आयो । कुरा के भने मेरो दाजुलाई थाक्रे आठ किलोभन्ने ठाउंमा बस्ने राधिका लामा को दाईले गाडी सिकाउनुहुन्थ्यो उहांले आफ्नो बहिनी राधिका थाक्-३, महादेबबेशीमा रहेको जनजागृतिमाध्यमिक बिद्यालयमा खुला बिद्यालय जहां दिनहुं बिद्यालय जान पनि नपर्ने त्यस्तो विद्यालयमा जान्छे भन्नुभएछ । त्यस पछि मेरो दाईले मलाई त्यो कुरा सुनाउनु भयो । मैले आफुले देख्ने गरेको सपना लाई सम्झे कतै मेरो सपना विपना हुने त होइन मनमा कुरा गुन्दै आशाको मन लिएर एकछिन् सोचे अनि विरामी बुबाआमालाई सम्झे । दाईले मलाई बुझ्न पठाउनुभयो । म जनजागृतिमा बुझ्न जांदा युयमयनको सहयोगमा सिर्ड्स भन्ने संस्थाबाट विद्यालयमा हामी जस्तै बिभिन्न कारणले विद्यालय छाडेका हरुका लागि सो कक्षा सञ्चालन गरेको कुरा थाहा पाए र सरहरुले मलाई भर्ना गर भनेर भन्नुभयो । मैले बुबाआमालाई सोधे उहांहरुले मान्नुभएको थिएन तर दाजुहरुले करगरेपछि पठाउनुभयो । मलाई पहिला त कक्षा मा जान लाजपनि लागिरहेको थियो कस्तो कक्षा हो यो पढ्न छाडेकालाई पढाउने कसरी पासहुने होला दिनहुं विद्यालय जान पनि नपर्ने आफ्नो समयअनुसार विद्यालयमा गएर सिक्ने र आफै पढेर र गरेर सिक्नुपर्ने लागेको थियो तर त्यस कक्षामा त आफ्नो छोरा छोरी क्याम्पस पढ्न थालिसकेका दिदिहरुपनि पढ्नुहुदो रहेछ म त अचम्मै परे । अनि मलाई हिम्मत आयो । मढेर केह ीगर्न सक्छु भन्ने ठानेर निरन्तर आफ्नो फुर्सदको समय पढाईलाई दिएर कक्षा ८ प्रथम श्रेणीमा उतिर्ण हुन सफल भए ।

आज म सोही बिद्यालयमा कक्षा ९ मा औपचारिक कक्षामा नै भर्ना भएको छु । यस विद्यालयमा मेरा साथीहरु अनौपचारिक खुला प्रौढ विद्यालयमानै एक वर्षमा एस.एल.सी दिने गरि पढिरहनुभएको छ । तर मेरो त्यती उमेर पनि गएको छैन अनि एस. एल.सी पनि राम्ररी पास गर्न एक वर्ष ढिला भएपनि होस भनेर औपचारिक कक्षामानै भर्ना भएको छु । म अहिले पनि घरको सम्पुर्ण रेखदेख गर्ने काम संगै दिनको २ घण्टा जति घरमा पढ्ने गर्दछु । अहिलेत दाईहरुको पनि कमाई अलि हुन्छ । उहांहरुले पनि घरलाई सहयोग गर्ने हुंदा घर चलाउन सजिलो भएको छ । बुबाआमा भने विरामीनै हुनुहुन्छ । म आज गुमेको भविश्य प्राप्त गर्ने सोचमा दैनिक ८ किमि टाढाको विद्यालय गई भविश्यमा शिक्षक बन्ने तिब्र इच्छाका साथ विद्यालय गइरहेको छु । मैले यो अवशर राम्ररी पाइराखे भने भविश्यमा म एक कुशल शिक्षक बन्ने योजना रहेको छ ।

## साहित्य/सिर्जना



सुदिप श्रेष्ठ (निर्दोषी)
ढोला-८,भरभञ्ज्याङ,धादिङ

### मित्रतामा लागेको दाग

संघर्षको चाहाना गऱ्यौ
आर्दशताको बाहनाबाट
मित्रतामा दाग लाग्दा खेरी
खसे म ढिलको छानाबाट ।
अनैतिकताको खोल ओडी
मित्रताको मुख ढाक्यौ, छौथ्यौ
आत्म विश्वासलाई नबुझ्नेले
मित्रताको बाटोमा काँडा रोप्यौ ।
मित्रताको महत्व नबुझ्नेहरुले
मित्र माथी घात गऱ्यौ।
दुई बिचको आत्मीयतालाई भत्काएर
संघर्षको मैदानमा सऱ्यौ ।
आत्माको मिलन मित्रतालाई
दुई दिनको खेल सोच्यौ ।
गरिबको आदर्शलाई कुल्चियौ तिम्ले
मुटु भित्र छुरा रोप्यौ ।

### छाड अब

छाड अब यो युद्ध सन्तती हो विनाश धेरै भै सक्यो
हेर छिमेकीका पंक्ति विकास धेरै अघि गै सक्यो ।
हाम्रा सम्पति हुन्छकी आक्रमण शक्तिशाली छिमेकी
छिमेकीका त्रास र युद्धले सास फेर्न गाह्रे भैं सक्यो ।
भेटाउछन्की मेरा अस्तित्वलुट्छन्की चेलीको इज्जत
छिमेकी धेरै मातिए सहयात्रागर्न गाह्रे भै सक्यो ।
हेर हाम्रो मेटे जस्तो जमिन छैन लगाउने कुनै चिज
ख्याल गर सन्तति हो छिमेकी को आंखा यसमा गैं सक्यो ।
अझ तिमी युद्ध गहौं भने सन्तति,भाई फुट्छ गौता लुट्छ
अब त सोच सम्पुर्ण सन्तति देश धरापमा गैं सक्यो ।

✍ *...लक्ष्मी थापा*
*नीलकण्ठ क्याम्पस*

### एघारौँ घण्टा



✍ ..विजय पाण्डे

रोचक प्रसङ्ग

हामी-विश्वका सबै मानिसहरुले वातावरणीय समस्याहरुको बारेमा देख्दै र सुन्दै आएका छौं । यस्ता समस्याहरु जाहिँ तहिँ उत्पन्न हुने गर्छन् । यसको मुख्य कारण नै हामी-मानव हौं । यसमा कसैको दुई मत नै छैन । यसैको फलस्वरुप ममा सचेनाको भावना उत्पन्न भएको छ ।

के तपाइँले पृथ्वीमा किन प्रकोपहरु हुन्छन् भन्ने बारे कहिल्यै सोच्नु भएको छ ? किन पृथ्वीमा कहिले वातावरण राम्रो त कहिले खरब हुन्छ ? किन यस्ता समस्याहरुको उत्पतिले मानव जिवन कष्टकर बन्दै छ ?किन फूल चाँडो त कहिले ढिलो फूल्छ ? यसका पछाडी केही कारणहरु खडा छन् । त्यो हो-हामी मानव ।

सयमतिर फर्केर हेरौं त । मानिसहरु हरिवयान, साइक्लोन, सुनामी जस्ता समस्याहरुले बाँच्नका लागि तड्पिरहेका छन् हो, यो नै वास्तविकता हो । यस्ता समस्याहरुले मानव वस्ती मात्र होइन समग्र पृथ्वीको प्राकृतिकपन विगारीरहेको छ । तर विज्ञान वास्तवविक रुपमा छैन यी समस्याहरुसँग ।

यसरी यी समस्याहरु गर्दा पृथ्वीको अस्तित्व नै खतरामा परेको तथ्य प्रमाणीत भइसकेको छ । त्यसकारण हामी-मानवले चाँडो भन्दा चाँडो केही गर्नुपदछ । यो पृथ्वी १२ बज्दा विस्फोट हुनेछ तर अहिले ११:५९ बजेको छ ।

# शान्ति र विकासमा विद्यार्थीको भूमिका



✍ ... रुपेश श्रेष्ठ

शान्ति भनेको यस्तो चिज हो जुन हामी आपसमा सामाजिक मेलमिलाप, सामाजिक अन्तरसम्बन्ध, अनेकतामा एकता, भयो भने मात्र पाउन सक्छौं। शान्ति बिना विकास सम्भव छैन। विकास भनेको जनताको उपस्थितिमा हुने सकारात्मक परिवर्तन हो। शान्ति विनाको विकास कुनैपनि राष्ट्रको भविष्य उज्यालो हुन सक्दैन। शान्तिका अग्रदुत् भगवान् गौतम् बुद्धले यो विश्वभर शान्ति फैल्याए। अहिले विद्यार्थीहरुले यस बुद्धका निति र उपदेश पढिरहेका छौं। त्यसकारण शान्ति र विकासको क्रमलाई अग्रगतिमा लैजान विद्यार्थीको भूमिका रहन्छ।

विद्यार्थी आफैमा एक परिवर्तनका संवाहक हुन्। शान्तिलाई र विकासलाई एक अर्काका परिपुरकका रुपमा लिन सकिन्छ र यी दुई मध्ये एक पक्षको अनुपस्थितिमा देश विकासको क्रमलाई अगाडि बढाउन र हाँक्न संभव छैन। विकासलाई अर्कोतिर राखेर र शान्तिलाई अर्कोतिर राखेर विकासको क्रमलाई अगाडि बढाउन सकिँदैन। विकास र शान्ति एकैसाथ लैजान सकेमा मात्र विकासले दिगोपना प्राप्त गर्न सक्छ। शान्ति द्वन्द प्रश्चात्को विहानी हो जुन दिनको सुरुवाद् पश्चात् नै विकासका गतिलाई दिनभर गुडाउन सकिन्छ र साँझमा सो को प्रतिफल उपभोग गर्न सम्भव हुन्छ। जुन यथार्थलाई विद्यार्थीहरुले सहजै बुझ्न र लागि पर्न सक्छन्। विकास आफैमा एक सकारात्मक परिवर्तन हो। जुन मानविय तथा प्राकृतिक श्रोतहरुको अधिकतम सहयोगबाट आर्थिक तथा मानविय दृष्टिकोणले जीवनस्तरलाई उन्नत ढंगबाट अघि बढाउन सकिन्छ। शान्ति एक यस्तो वातावरण हो जहाँ जनताहरुबीच आपसमा सद्भाव, सम्मान र सहयोगात्मक भावको विकासको (Optimum) अवस्था हो। शान्ति र विकासको स्थरलाई सँगै लैजाने विषयमा विद्यार्थीको भूमिका अनुकरणिय हुनसक्छ।

भविष्यका कर्णधारका रुपमा चित्रित हामी विद्यार्थी हामी घर, समाज र समग्र राष्ट्रमा शान्तिकोलागि अधिकतम प्रयत्न गर्नुपर्ने हुन्छ। किनभने हामीले के सोच्नुपर्छ भने देशले हामिलाई के दियो होइनकी हामीले देशलाई के दिन सक्छौं भन्ने भावना हामीमा हुनुपर्छ। जब शान्तिको बहाली हुन्छ तबमात्र विकासको लागि पूर्वाधार तयार हुन्छ। किनभने शान्ति विना कुनैपनि राष्ट्र विकास हुन सक्दैन। यो संसारमा जतिपनि विकसित राष्ट्रहरु छन्, त्यहाँ शान्ति छ, कुनै द्वन्द छैन जस्तै अमेरीका, जापान, युनाइटेड किङडम जस्ता देश एक विकसित राष्ट्रहरु हुन् त्यस देशका मान्छेहरुमा एक आपसमा सद्भाव छ र अनेकतामा एकता छन्। हाम्रो जस्तो द्वन्दको भारबाट भर्खरै शान्तिको बिहानीमा रम्दै गरेको मुलुककमा शान्तिलाई संस्थागत गर्न सकेमा विकासलाई अघि बढाउन सकिन्छ। विकासलाई आर्थिक उन्नतीमा मात्र चित्रण गर्नु हुँदैन। किनभने मात्र एक आर्थिक उन्नतिले समाजमा खासै राम्रो परिवर्तन ल्याउन सक्दैन। त्यसकारण संभवत् नागरिकहरुले प्राप्त गर्ने भौतिक तथा मानविय विकासलाई समेत चित्रण गर्नुपर्छ। विकास भयो भने हामीले हाम्रो जिवनस्तर उकास्न सक्छौं। विद्यार्थीहरुले बुझेका छन् कि शान्ति के हो? र यसको विकाससँगको सम्बन्ध के हो? भन्ने विषयमा जानकार छन् शान्ति र विकास एक आर्कामा परिपुरक हुन र दुवैलाई सँगै लैजान विद्यार्थीहरुले पनि राज्य व्यवस्था र सामाजिक सद्भाव अनि भौतिक र मानविय विकासका हरेक पक्षहरुमा आफ्नो योगदान प्रस्तुत गर्न सक्दछन्। शान्ति र विकासलाई देशभर कायम राख्न विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ र यस भूमिकालाई निर्वाह गर्न विद्यार्थी लागीपरेका हुन्छन्।

शान्तिलाई हाम्रोजस्तो देशमा सहज र स्वभाविक ढंगबाट बहाली गर्न सकेमा विकासको हरेक पक्षमा सफलता हाँसिल गर्न सक्नेछन्। युवा विद्यार्थीहरु हरेक पक्षमा जागरण अभियानको रुपमा लाग्नुपर्छ। समाजमा देखिएका द्वन्दका अवशेषहरुलाई सहजै सद्भावको रुपमा रुपमान्तरण गर्नु विद्यार्थीको भूमिका रहन्छ। विद्यार्थीहरुले देशमा शान्ति फैल्याउन र जनचेतना फैल्याउन ठूलो योगदान पुऱ्याएका थिए, पुऱ्याएका छन् र अझ प्रयास गरी पुऱ्याउने छन्। जब विद्यार्थीले यो देशलाई शान्ती क्षेत्र बनाउन सक्छ र विकासको कामहरु अघि बढ्न सक्छ, अनिमात्र अनिमात्र म यो देशको विद्यार्थी हुँ भनेर गर्व गर्न सक्छ।

*(लेखक धादिङ बोडिङ स्कुलमा अध्ययनरत हुनुहुन्छ)*

# अपाङ्गता भएकालाई परिचयपत्र

**जीवनपुर(धास)।** जीवनपुर गाउँ विकास समिति भित्रका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि विहिवारबाट परिचयपत्र वितरण शुरु गरिएको छ।

महिला विकास कार्यालय धादिङको आयोजना र जीवनपुर गाउँ विकास समितिको संयोजनमा शुरु गरिएको परिचयपत्र वितरणमा आज पहिलो दिन २२ जनालाई परिचयपत्र वितरण गरिएको छ। अपाङ्गताको प्रकृति अनुसार रातो, निलो, पहेलो र सेतो रंगमा प्रमाणपत्र वितरण गरिएको छ। यसैगरि विहिवारै स्थानीय महिलाहरुको सहभागितामा महिला विकास तालिम पनि शुरु भएको छ।

महिला विकास कार्यालय धादिङका प्रमुख भुला भण्डारीले अपाङ्गता भएका व्यक्तिहरुकालाई परिचयपत्र वितरण गर्नुका साथै महिला विकास तालिमको उद्घाटन गर्नु भएको थियो। यसैबिच जीवनपुर गाउँ विकास समिति भित्र महिला विकास कार्यक्रम सञ्चालन गर्न सबै वडालाई समेटेर अम्बिका रेग्मीको अध्यक्षतामा ९ सदस्सीय गाविस स्तरीय महिला विकास समूह पनि गठन गरिएको छ।

यसैगरि महिला विकास कार्यालय धादिङको वार्षिक कार्यक्रम अनुसार गाविस स्तरीय परामर्श भेला पनि जीवनपुरमा सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता गाविस सचिव गोविन्दप्रसाद पौडेलले गर्नुभएको गाविस सहायक मिलन सुवेदीले जानकारी दिनु भयो।

# राज्य बलियो भयो भने मात्र महिलाले न्याय पाउन सक्छन

**धादिङ वेशी (धास)।** महिला मानव अधिकार रक्षककहरुको सञ्जालका केन्द्रिय अध्यक्ष एवं वरिष्ठ महिला मानवअधिकारवादी डाक्टर रेणु राज भण्डारीले राज्य बलियो भयो भने मात्र महिलाले न्याय पाउन सक्ने बताएनु भएको छ।

महिला मानवअधिकार रक्षककहरुको जिल्ला सञ्जाल धादिङको प्रथम वार्षिक साधारण सभाको सदरमुकाम धादिङवेशीमा हिजो उद्घाटन गर्दौ डाक्टर राज भण्डारीले सो कुरा बताउनु भएको हो।

डाक्टर राज भण्डारीले पितृ सत्तात्मक राज्य संरचनाका कारण अझै पनि महिलालाई दोश्रो दर्जाको नागरिकको रुपमा हेरेको पनि बताउनु भयो। राजनीतिक अस्थिरता र कमजोर राज्य सासन प्रणालीले महिलाको मुद्धा पछाडि परेको बताउदै डा. राज भण्डारीले महिला मानव अधिकार रक्षकहरुले अझ सशक्त भएर अघि बढ्नु पर्ने बताउनु भयो। सञ्जालका जिल्ला अध्यक्ष राधिका सापकोटाको अध्यक्षतामा भएको साधारण सभामा धादिङका स्थानीय विकास अधिकारी शंकर नेपाल, गैसस महासंग धादिङका अध्यक्ष हरिराम लोहनी, अनेमसंघका केन्द्रीय सदस्य जानुका सिम्खडा लगाएतले शुभकामना दिनु भएको थियो। यसैबिच सञ्जलको साधारण सभाले अम्बिकधा रुपाखेतीको अध्यक्षतामा नयाँ कार्य समिती चयन गरेको छ।

# स्वास्थ्य

## झाडापखाला

### झाडापखाला भनेको के हो ?

२४ घण्टामा ३ अथवा ३ पटकभन्दा बढीपटक पानीजस्तै पातलो दिसा भएमा झाडापखाला भएको भनिन्छ। यो सबै उमेरका मानिसहरुलाई हुन्छ तर यसले १ देखि ५ वर्षसम्मका बच्चाहरुलाई बढी असर पार्दछ।

### झाडापखाला लाग्ने कारण के हो ?

झाडापखाला मुख्य गरेर आँखाले देख्न नसकिने जीवाणु/कीटाणुहरुको कारणबाट लाग्दछ। यी कीटाणुहरु दुषित खाना, पानी, भाँडाकुँडा र फोहोर हातको माध्यमबाट निरोगी मानिसमा सर्दछन् र झाडापखाला रोग लाग्दछ।

### झाडापखालाका लक्षण तथा चिन्हहरु

झाडापखाला लाग्दा शरीरमा भएको पानी र नुन खेर जान्छ र शरीरलाई शिथिल बनाउँछ। शरीर शिथिल हुनु भनेको बिरामीलाई जलवियोजन हुनु हो। जलवियोजन हुँदा बच्चा झिँझिने, झर्को मान्ने, बढी मात्रामा तिर्खा लाग्ने, आँखा गडिने र पेटको छाला तानेर छाड्दा विस्तारै फर्किने हुन्छ। सिकिस्त भएमा त बिरामीले पिउन नसक्ने, सुस्त वा बेहोस हुने आदि जस्ता लक्षण र चिन्हहरु देखा पर्दछन्। त्यसैले यस्तो लक्षण देखिनुभन्दा पहिला अथवा झाडापखाला लाग्नासाथै देखिनुभन्दा पहिला अथवा झाडापखाला लाग्नासाथै बच्चालाई जतिपटक दिसा लागेको हो त्यति नै पटक झोलपदार्थहरु खुवाउने गर्नुपर्छ।

### झाडापखाला रोगको घरेलु उपचार

झाडापखाला भई जलवियोजन नहोस् भन्नका लागि बच्चालाई घरमै उपचार गर्न सकिन्छ। झाडापखाला हुँदा घरमै गरिने उपचारलाई घरेलु उपचार भनिन्छ। यसमा निम्न कुराहरु पर्दछन्।

**क.** आमाको दूधमात्र खाने वा आमाको दूध खाइरहेका बच्चालाई साबिकभन्दा बढीपटक दूध चुसाउनु पर्दछ।

**ख.** बिरामीलाई प्रशस्त मात्रामा घरैमा बनाउन सकिने झोलकुराहरु खुवाउनुपर्दछ। जस्तै: भातको माड, तरकारीको (मसला कम भएको) झोल, दालको रस, फिका चिया, सादा पानी र ताजा फलफूलको रस प्रशस्त मात्रामा खुवाउनुपर्दछ। साथै, पुनर्जलीय झोल पनि बनाएर दिइरहनुपर्दछ।

**ग.** बच्चालाई कुपोषणबाट जोगाउन साबिककै जस्तो खानेकुराहरु थप खान दिने। झाडापखाला हुँदा खाना रोक्नुहुँदैन। बच्चालाई साबिककै खाना दिइरहनुपर्दछ। यसो गरेमा बच्चालाई कुपोषण हुन पाउँदैन र झाडापखाला पनि छिटै निको हुन मद्धत पुग्दछ।

**घ.** बच्चालाई घरैमा उपचार गर्दागर्दै पनि बच्चाको अवस्थामा सुधार नभएमा र तलको कुनै पनि लक्षण तथा चिन्ह देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा लैजानु पर्दछ।

-दिसाको पटक बढेमा
-तारन्तार बान्ता गरेमा
-राम्ररी खाने वा पिउने नगरेमा
-ज्यादै तिर्खाएको भएमा
-ज्वरो आएमा
-दिसामा रगत देखिएमा

### झाडापखालाको उपचार

शरीरबाट खेर गएको पानी तथा नुनको समयमै आपूर्ति नभएमा बिरामीको मृत्यु पनि हुनसक्छ। त्यसैले मृत्युबाट जोगाउन शरीरबाट जुन अनुपातमा नुन र पानी खेर गएको छ सोही अनुपातमा नै पुनर्जलीय झोल खुवाउनुपर्दछ। यस प्रक्रियालाई पुनर्जलीय उपचार भनिन्छ।

- घरेलु झोल कुराहरु वा पुनर्जलीय झोल समयमै खान दिएर बच्चालाई झाडापखालाबाट हुने जलवियोजनबाट बचाई मृत्युबाट जोगाउन सकिन्छ।
- दिसामा आउँ रगत देखिएमा र हैजा नै भएकोमा बाहेक अरुलाई औषधी दिनु आवश्यक हुँदैन।

**जन्मेदेखि ६ महिनासम्म बच्चालाई आमाको दूधमात्र पटकपटक खुवाउने गर्नाले झाडापखाला जस्तो रोग लाग्नबाट बचाउन सकिन्छ।**

**जिल्ला स्वास्थ्य कार्यालय धादिङ**

# विवाह मण्डवबाटै कृति बिमोचन



✍ ... नवराज छत्कुली

dhadingawaj.com

हिन्दु संकार अनुसार श्रष्टा एंव पत्रकार सीता अधिकारी विहिवार विवाह वन्धनमा वांधिनु भएको छ।

परम्परागत शैलिमा मन्दिरको पेटिमा वनाईएको जग्यावाट विवाह चलिरहेको वेला धादिङका साहित्यअनुरागीहरु र केहि पत्रकार विवाह मण्डवमा हर्षित मुडमा उपस्थित भए । श्रष्टा अभियान धादिङका अध्यक्ष नविनवन्दु पहाडीले वेहुलीको गोडाधुने कार्य भईरहेका वेला केही साहित्यिक मन्तव्य राख्न थाल्नु भयो । पूर्वनिर्धारीत कार्यक्रम अनुसार त्यँहा श्रष्टा सीता अधिकारीले लेख्नु भएको कविता संग्रहको विमोचन गर्ने कार्यक्रम रहेको थियो।



प्रेश यूनियनद्धारा प्रकासनमा ल्याईएको उक्त कृषि प्रेश यूनियनका केन्द्रिय उपाध्यय नवराज लम्साल र जिल्ला अध्यक्ष मुरारी अधिकारीले विवाह मण्डवमा रहेका जोडिलाई हस्तानतरण पछि दुवै जनाले संयूक्त रुपमा विमोचन गरे। विमोचित गुलाफ र मन कविता संग्रहवाट मण्डवमा सिङ्गारीएकी वेहुली सिता अधिकारीले मनिलोस्वरमा कविता वाचन गरिन । त्यो रहस्यले सहित्यकारहरुलाई उत्साहित बनायो र सबैले ताली बजाएर स्वागत गरे । श्रष्टा सिता अधिकारीले लेखेको कविता संग्रहवाट उनक वेहुला राजमणी वरालले पनि दुई लाईन कविता वाचन गरे। विगत सात वर्ष देखी साथी संगी संगमात्र रमाउँदै साहित्यीक यात्रामा अधिवढेकी श्रष्टा अधिकारीले अव सधैका लागी साहित्यीक यात्राको स्थायी यात्री भेटिएकी छिन भन्ने भनाई सवैको मुखवाट निस्किरहेको थियो । वैधिक परम्परामा थपिएको नयाँ कार्यले विहेको शोभा मात्र वढाएन सवैका लागी उदाहरण पनि वन्न पुग्यो । कविता संग्रह विमोचन विवाह मण्डवमा नै गरिनुको अर्थ लगाउदै साहित्यकार पहाडीले कलम र अक्षर संग खेल्न रमाउने अधिकारीले विवाह पछिका दैनिकी व्यवस्थापनमा टेवा पुऱ्याउने उदेश्यले कार्यक्रम गरीएको वताउदै थिए। धादिङका जन्मिएर लामो समय पत्रकारीता र साहित्यमा रमाएकी सीताको भावी जीवन साहित्य र पत्रकारीतामानै वितोस् भन्ने हाम्रो पनि शुभकामना छ।

## मालपोत कार्यालय धादिङको ३५ दिने सार्वजनिक सूचना

मेरा पति सञ्जय अधिकारी ०६२।०९।१४ मा मृत्यु भएको ससुरा वेदबहादुर अधिकारी आजभन्दा २० वर्ष अघिदेखि भारतमा गै फर्कि नआएको सासू धनकुमारीले जग्गा बिक्री गर्न लागेकोले मैले पाउने अंश भाग नपाए सम्म रोक्का गरी पाउँ भनी पिडा गा.वि.स.वडा नं. १ बस्ने संगिता अधिकारीको निवेदन च.नं. १४५८ मिति २०६६।११।११ को जि.प्र.का. धादिङको पत्रसाथ निवेदन प्राप्त हुन आएकोमा मेरो श्रीमानको २ (दुई) परिवारमा जेठी म धनकुमारी र कान्छी मनमाया अधिकारी र श्रीमान वेदबहादुर सँग मुद्धा परी मेरो भाग फैसला बमोजिमको जग्गा मेरो नाउमा दर्ता भएको पिडा गा.वि.स. १। ङ कि.नं. ३९,४१ ऐ २ क २७४ ऐ २।ङ२५५ का जग्गाहरु मेरा सौताको बुहारी संगीता अधिकारीले मिति २०६६।११।११ च.नं १४५८ मा रोक्का राखेको हुँदा उक्त रोक्का फुकुवा गरी पाउँ भनि पिडा गा.वि.स. वडा नं. ३ बस्ने धनकुमारी अधिकारीले जिल्ला प्रशासन कार्यालय धादिङमा दिएको निवेदन च.नं. २४८४ मिति २०६७।३।९ को जि.प्र.का. धादिङको पत्रसाथ प्राप्त हुन आएकोले यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत : यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सो जग्गा रोक्का फुकुवा हुन पर्ने नपर्ने के हो आफुसँग भएको सप्रमाण कार्यालयमा उपस्थित हुन आउनुहोला सो म्याद भित्र दावी विरोध पर्न नआए जग्गा फुकुवा भै जाने व्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराइन्छ।

## हार्दिक बधाई तथा शुभकामना



हाम्रा सहयात्री **सिता अधिकारी** वारा जिल्ला निवासी श्री राजमणी बरालसँग वैवाहीक जिवनमा बाँधिनु भएकोमा दाम्पत्य जिवनको मंगलमय शुभकामना।

**धादिङ आवाज साप्ताहिक परिवार**

## चित्रगुप्तको चक्षु

### कार्यक्रमका सहभागीहरु

कार्यक्रमहरु दैनिक धेरै हुनथालेपछि चित्रगुप्ताको सबै कार्यक्रममा सहभागी हुने र मन्तव्य राख्नेहरुलाई हेर्न सुरु गरेको छ। हिजो आज दैनिक कार्यक्रमका वक्ता र सहभागीहरु एउटै हुने गर्दा रहेछन् । आयोजकलाई पिडा कार्यक्रम सुरु हुने बेलामा अतिथिहरुलाई फोन गर्दा-गर्दा हाला । अतिथिहरु पनि सबै कार्यक्रममा पुग्नै पर्ने जस्तो गरी दौडधुप गरी हिँडेको देखेर चित्रगुप्ता तिन छक पर्न थालेको छ। किन होरा बिचरा सबै कार्यक्रममा एउटै व्यक्ति अतिथि बन्नुपर्ने। समाजलाई नयाँ विचार दिन भन्दा पनि मञ्च भर्ने र सहभागीताका लागी मात्र आउने अतिथिहरुलाई मञ्च दिएर आफ्नो ओजन नघटाउन चित्रगुप्त कार्यक्रमका आयोजकहरुलाई सुझाव दिन्छ ।

**प्रतीक कम्प्यूटर मर्मत केन्द्र**

यहाँ हरेक किसिमका कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलब्ध छ।

**तिलक क्षेत्री**
फोन: ९८४१६५६१११, ९७५१०९७७७८

धादिङबेसी बीचबजार,
राष्ट्रिय वाणिज्य बैक संगैको तल्लो घर

**के तपाइलाई थाहा छ ?**

विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, गाइड, गेसपेपरका साथै स्टेशनरी सामानहरु र मोवाईलको रिचार्जकार्डहरु यहा पाइन्छ।
साथै कस्मेटिक सम्बन्धी सम्पूर्ण सामाग्रीहरु पनि पाइन्छ।

प्रो. राजन लम्साल
**राजन स्टेशनरी एण्ड गिफ्ट ग्यालरी**
मुरलीभञ्ज्याङ-७, निगालपानी
सम्पर्क : ९८४१७१७८५८, ९८४१६५६६५३

**हामीलाई सम्झनुहोस**

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामानहरु, मेरो मोवाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस्।

प्रो. नारायणकुमार श्रेष्ठ
**त्रिपुरा पुस्तक पसल धादिङ्वेसी**
फोन नं : ०१०-५२०१९०, मो नं. ९८५१०१३३८७

पत्रिकाको ग्राहक बन्नु परेमा, पत्रिकामा विज्ञापन दिनु परेमा वा पत्रिका समयमा उपलब्ध नभएमा वा कुनै सल्लाह, सुझाव भएमा र समाचार लेख रचना पठाउनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला।

**धादिङ आवाज साप्ताहिक**
नीलकण्ठ-५,धादिङबेसी, ०१०५२०६१५,
dhadingvoice@gmail.com, web: dhadingawaj.com.np